नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समिति
बबरमहल
काठमाडौं, नेपाल

पत्र संख्या:
चलानी नं.: - ६८

मिति : २०७६/०६/१०

माननीय मन्त्रीज्यू,
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषय : संक्षिप्त प्रतिवेदन**

मिति २०७५/०९/१९ का दिन मेरो अध्यक्षतामा नेपाल हज समिति गठन भयो । दुई वर्षे कार्यकालको लागि गठन भएको यस हज समितिले भर्खरै मात्र पहिलो वर्षको हज यात्रा सफलतापूर्वक सम्पन्न गरेको हुँदा पहिलो कार्यकाल बारेको आवश्यक जानकारी सहित यो संक्षिप्त प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

**१. हज सम्पन्न** : सन् २०१९ को लागि हजमा जाने १५१० जनाको कोटा प्राप्त भएकोमा १५०९ जना हज यात्री विभिन्न उडानबाट १८ जुलाई, २०१९ देखि ४ सेप्टेम्बर, २०१९ सम्म साउदी अरबको मक्का पुगे । ती हजयात्रीमध्ये २ जनाको साउदी अरबमा नै असमायिक मृत्यू हुन गएको १ जना विरामी अझै औषधोपचारमा साउदी मै रहेकाले बाँकी १५०६ जना हजयात्री हजका प्रक्रियाहरू सम्पन्न गरी मिति २८ अक्टोर, २०१९ देखि ११ नोभेम्बर, २०१९ सम्मका विभिन्न उडानहरूद्वारा मदीना भई उनीहरू नेपाल फर्के ।

लामो समयदेखि हज समितिको सेवाको गुणस्तरीयता र व्यवस्थापनको विषय ठूलो असन्तुष्टि प्रकट भई वर्षेपिच्छे हाजीहरूको असन्तुष्टि सडकमै पोखिने परिपाटि कायम रहेको कुरा विदितै छ । धेरै वर्षपछि यसपटक शान्त तथा सौहार्द्रपूर्ण वातावरणमा हज सम्पन्न भएको छ । यसले नेपाली हजको इतिहासमा नयाँ मान्यताको विकास गरेकोमा हामी गौरवान्वित महसुस गरेका छौं ।

**२. व्यवस्थापनमा प्रगतिशील सुधार** : हामीले शुरुमै 'हज समितिलाई मर्यादित संस्थाको रूपमा रूपान्तरण गर्ने' मिशन बनाएर व्यवस्थापकीय कार्यहरूलाई प्रगतिशील शैलीमा ढाल्ने प्रयास गरेका थियौं । हज यात्रीहरू उडानका लागि काठमाडौं आउँदादेखि साउदी अरबबाट हाजीहरू फर्कंदासम्मको अबधिमा हज समिति सदस्यहरू, सल्लाहकारहरू र अन्य सहयोगीहरू अहोरात्र खटिएका थिए । यसले हज यात्री र उनका परिवारजनहरूलाई बिगतका वर्षहरूभन्दा कैयौं गुणा बढी र गुणस्तरीय सेवा प्रदान गर्न हामी सक्षम भयौं । यसपटकको हजमा हज समितिको व्यवस्थापकीय पक्ष नै बिगतका वर्षहरूको तुलनामा प्रभावकारी हुन सकेकोले यसले नयाँ इतिहास रच्न सकेको हो । हामीले प्रारम्भबाट नै हरेक कदम योजनाबद्ध र जिम्मेवारी बोधका साथ चालेका थियौं । यही नै हाम्रो सफलताको कारण बन्न पुग्यो ।

**३. हज कोटा वृद्धि** : बिगतका वर्षहरू हजको कोटा वृद्धि भएर पनि थप कोटाका हज यात्रीहरूलाई हज समितिले उडाउन नसकेकोले प्रथमत: हामीलाई कोटा वृद्धि गराउन नै धेरै समस्या परेको थियो । अन्तिम समयमा ३०० कोटा बढाउन हामी सक्षम भयौं । यस कार्यमा नेपाल सरकार गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, साउदी अरबस्थित नेपाली दूतावास, नेपालस्थित साउदी दूतावासको ठूलो सहयोग प्राप्त भएको थियो । हाम्रो टिमको अथक मेहनतले निकै जोखिम मोलेर हामीले वृद्धि भएका थप ३०० हज यात्रीसमेत जम्मा १५०० हज यात्रीहरूलाई समयमै उडान गराउन सफल भयौं । यताका केही वर्षहरूमा पाँच सयदेखि एक हजारसम्मको हज कोटा बढ्दै आएता पनि बिगतमा हज समितिले सबै हाजीहरूलाई उडाउन सकेको थिएन ।तर,यसपटक हामीले

जोखिम मोलेर भए पनि सबै हज यात्रीहरूलाई कुशलतापूर्वक समयमा उडाउन सफल भयौं । सम्पूर्ण कोटा सदुपयोग भयो । यस ऐतिहासिक उपलब्धिले हामीलाई थप हौसला प्रदान गरेको छ ।

**४. कोटा वृद्धिको लागि थप प्रयास :** हज मिशन २०२० को लागि कोटा वृद्धि गर्न साउदी अरबमै हुदा हामीले साउदी अरबका डिप्युटी हज मन्त्रीलाई भेटेर पुनः निवेदन गरेका छौं । सकारात्मक वार्ता भएको छ । यस प्रयासलाई थप बल पुऱ्याउन सरकारी स्तरमा पहलकदमीको आवश्यकता छ ।

**५. हज खर्चमा वृद्धि :** पहिलो कुरा संसारकै हाजीहरूमध्ये नेपाली हाजीहरू सबभन्दा कम खर्चमा हज गर्न पाएका छन् ।

गत वर्ष हाजीहरूबाट जनही रू. २,२५,०००/- हज समितिको खातामा जम्मा गराएकोमा पछि जनही रु. १०,०००/- को दरले फिर्ता गरिएको थियो । त्यही अनुभवको आधारमा हामीले पनि हाजीहरूलाई जनही रू. २,२५,०००/- जम्मा गर्न लगायौं । तर, नेपाली रूपैयाँसँग साउदी रियालको बिनिमय दरमा भएको परिवर्तनको कारण गत वर्षको तुलनामा लगभग रू. ५,०००/- को दरले वृद्धि हुन पुग्यो । त्यस्तै साउदी हज मन्त्रालयले स्थानीय यातायात खर्च शीर्षकमा जनही साउदी रियाल ५०६ (नेरू. १५,१८०/- को दरले वृद्धि गरिदियो । यसरी जनही रू. २०,०००/- (लगभग) को दरले हज खर्चमा वृद्धि हुन गएपछि गत वर्षझैं प्रति व्यक्ति रू. १०,०००/- फिर्ता गर्नुको सट्टा उल्टो हामीले प्रति हाजी रू. ५,०००/- को दरले थप रकम जम्मा गराउन बाध्य भयौं ।

**६. आवासीय व्यवस्थापन :** मक्कामा हामीले हरमबाट ठीक दुई किमीको दुरीमा सुविधासम्पन्न र राम्रो अवस्थाको तीनवटा भवन लियौं । यसपटक यी भवनहरूमा खासै प्राबिधिक समस्याहरू पनि आउन दिएनौं । यस कुरामा शुरुबाटै हामी सचेत थियौं । त्यसैले कुनै गम्भीर त्रुटि र समस्याको सामना गर्नु परेन । हाजीहरूबाट पनि कुनै गुनासो दर्ज भएन । बरु उहाँहरूबाट हामीले हरपल उत्प्रेरणा पायौं । हजकै इतिहासमा यस्तो व्यवस्थित आवासीय व्यवस्थापन नभएको पहिले पटक पटक हजमा आएका हाजीहरूको प्रतिक्रिया रहेकोमा हामीले गौरवको महसुस गऱ्यौं । मदीनामा हामीले हरमदेखि ५०० मीटरभित्रको दुरीमा ६ वटा भवन लियौं । यी भवनहरूमा पनि कुनै किसिमको समस्या देखिएन ।

**७. खानपीन व्यवस्थापन** काठमाडौंमा हामीले प्रत्येक हाजीलाई खानपीनको लागि रू. १,०००/- प्रदान गऱ्यौं । पछि बजेटको अभावमा थप ३०० हाजीलाई भने यो सुबिधा प्रदान गर्न सकेनौ । मक्कामा हाजीहरूलाई खानपीनको व्यवस्थाका लागि मक्कास्थित व्यापारी लाइ  जिम्मा दिइएको थियो । बिगतमा खानपीनमा निकै गुनासाहरू भएकोले यसमा हामी शुरुबाट सचेत रहेर योजनाबद्ध तरिकाले  उक्त पार्टी सँग समन्वय गरी नेपाली स्वाद सुहाउँदो खानाको व्यवस्था गर्न लगायौं । दुईजना कुक पनि नेपालबाट लिएर गएकाले बुफे सिस्टममा लञ्च र डिनरमा ताजा खाना व्यवस्था गर्न सहज भयो । पर्याप्त संख्यामा भोलिन्टियरले सहजताका साथ खाना खुवाउने काम गरेका थिए । खानाको मात्रा पर्याप्त थियो, गुणस्तरयुक्त र स्वस्थ्य खानाको बन्दोबस्त गरेका थियौं । समय समयमा साउदी अथोरिटीले खानाको परीक्षण पनि गरेका थिए ।

**८. मोअल्लीम सेवा :** मुतवाफि अफिसको ९९ नं. ले हाम्रा १२०० हाजीहरूलाई मोअल्लीम सेवा प्रदान गरेको थियो । थप ३०० हाजीहरूलाई मुतवाफी अफिसको २०६ नं. ले सेवा प्रदान गरेका थिए । ९९ नं. को सेवा अनुभव त्यति सन्तोषजनक रहेन भने २०६ नं. ले उत्कृष्ट सेवा प्रदान गरेको थियो । २०६ नं. को सेवाले हाजीहरू निकै सन्तुष्ट थिए । अर्को वर्ष हामी २०६ नं. बाट नै सम्पूर्ण हाजीहरूको सेवा लिने प्रयास गर्नेछौं ।

९. **स्वास्थ्य सेवा** : हाम्रा हाजीहरूलाई भ्याक्सिन लगाउने बजेटको व्यवस्थापनमा हामीले निकै समस्या भोग्यौं । पटक पटक अर्थ मन्त्रालयमा धाउँदा अन्तिम समयमा स्वास्थ्य विभागमा त्यो बजेट पुग्यो । यस प्रक्रियामा निकै सुधारको आवश्यकता रहेको छ ।

कश्मिरी मस्जिदमा वीर अस्पताल र केही स्वास्थ्य विभागको सहयोगमा हामीले दैनिक स्वास्थ्य शिविर सञ्चालन गऱ्यौं ।

हामीले यसपालि पर्याप्त औषधि र पाँचजना स्वास्थ्यकर्मी (दुई जना सिनियर चिकित्सकसमेत) को टोली साउदी अरब लगेका थियौं । चिकित्सक टोलीले मक्कामा दैनिक बिहान बेलुकी आधारभूत स्वास्थ्य शिविर सञ्चालन गऱ्यो । गम्भीर प्रकृतिका बिरामीहरूलाई अस्पतालमा लगेर उपचार गरायौं ।

सिन्धुपाल्चोकका हाजी कृष्णबहादुर जिरेलको हालसम्म पनि मदिनाको डा. हमीद अहमदी अस्पतालमा आइसीयू कक्षमा राखेर उपचार भइरहेको छ । हामीले केही नेपाली विद्यार्थीहरूलाई उहाँको रेखदेखमा खटाएका छौं । उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**मृत्यु :**
बाँकेका हाजी नसरुल्लाहको उपचारको क्रममा मक्कामा मृत्यु हुँदा सारा कानूनी प्रक्रियाहरू पूरा गराएर मक्कामै अन्त्येष्टी गरायौं । त्यस्तै रौतहटका हाजी अब्दुल करिम मन्सुरीको मदिनाको अन्सार हस्पिटलमा मृत्यु हुँदा सारा कानूनी प्रक्रिया पूरा गराएर मदीनामै अन्त्येष्ठीको व्यवस्था मिलायौं ।

**१०. थप सुधारको आवश्यकता र थप केही सुझावहरू :**

(क) दसकौंदेखि नियमित प्रक्रियाको रूपमा नेपाल सरकारले हज समिति गठन गरी व्यवस्थापन गर्दै आइरहेको सन्दर्भमा आगामी दिनहरूमा साउदी अरब र नेपालबीचको द्वैत सम्बन्धमा थप विकास गर्ने आयामको रूपमा हज मिशनलाई लिन नेपाल सरकार गृह मन्त्रालयलाई अनुरोध गर्दछौं । यसका लागि सरकारी स्तरमा हज मन्त्रीलाई नेपाल भ्रमणको लागि निम्तो पठाउन विशेष अनुरोध गर्दछौं । यसले भ्रमण वर्ष २०२० लाईसमेत मलजल हुने भएकोले यसलाई गम्भीर रूपमा ग्रहण गर्न अनुरोध गर्दछौं ।

(ख) नेपाल हज समितिको कार्यबिधिमा संशोधन गरी थप कुरा समेटेर यसको कार्यकाल बढाएर चार वर्षमा पुऱ्याई स्थायी प्रकृतिको हज समितिमा रूपान्तरण गर्न अनुरोध छ ।

(ग) नेपाल सरकारले हज समितिलाई नियमित रूपमा उपलब्ध गराउँदै आएको बजेटमा यसपटक व्यापक कटौति भई हामीले निकै आर्थिक संकट भोग्यौं । हामीले उधारो सापटी गरेर काम चलाएका छौं । उक्त रकम उपलब्ध गराइदिन अनुरोध गर्दछौं । गृह मन्त्रालयको अनुरोधमा अर्थ मन्त्रालयले प्रदान गर्दै आएको बजेटमा कुनै किसिमको कटौति गरिनु हुँदैन । यसको लागि अर्थ मन्त्रालयलाई पत्राचार गरिदिन अनुरोध गर्दछौं ।

(घ) साउदी अरबमा विभिन्न कारणवश हाजीहरूको ठूलो रकम फ्रिज भएर बसेकोले 'हज कोष' स्थापना प्रयोजनको लागि उक्त रकम नेपाल हज समितिको नाममा झिकाउनको लागि साउदी अरबस्थित नेपाली दूतावासलाई पत्राचार गरिदिनुहुन अननुरोध गर्दछौं ।

(ङ) हज समितिको हज मिशन २०१९ लाई सफल गराउने कार्यमा उत्कृष्ट भूमिका निर्वाह गर्ने व्यक्तित्व र संस्थाहरूलाई सम्माननीय राष्ट्रपतिद्वारा सम्मानित गर्ने कार्यक्रमको लागि आवश्यक पहल गरिदिनुहुन अनुरोध गर्दछौं ।

(च) देहायका खर्चहरूका लागि बजेट बिनियोजनको प्रक्रिया अगाडि बढाइदिनुहुन अनुरोध गर्दछौं :

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समिति

पत्र संख्याः
चलानी नं.:

बबरमहल
काठमाडौं, नेपाल

- विभिन्न मुलुकहरूको अभ्यास अनुसार साउदी अरबको मक्कामा स्थायी प्रकृतिको 'नेपाल हज मिशन सम्पर्क कार्यालय' स्थापनाको लागि बजेट ।
- हाजीहरूको कोटा १५०० नै हुने भएकोले थप संख्या अनुसार हज प्रतिनिधि र चिकित्सक टोली सदस्यको संख्यामा वृद्धि हुने भएकोले उक्त प्रयोजनको लागि बजेट वृद्धि ।
- हाजीहरू फर्कने बेलामा उनीहरूको सामान एयरपोर्टसम्म पुऱ्याउन बसमा ठाउँ अपुग हुने भई ट्रक आदिमा ढुवानी गराउनु पर्ने भएको हुँदा उक्त ढुवानी खर्च बजेट ।
- कुनै हाजी दुर्घटनाग्रस्त हुँदा वा मृत्यु हुँदाको व्यवस्थापनको लागि बजेट ।
- साउदी अरबमा स्वयंसेवक परिचालन बजेटमा वृद्धि ।
- हाजीहरूलाई जिल्ला जिल्लामा प्रशिक्षण र सेमिनार, गोष्ठी बजेट ।
- हजको वेभसाइट निर्माण, डेटा प्रयोजनको लागि नेपाल हज एप निर्माण र प्रत्येक हाजीका लागि जीपीएस खरीद बजेट ।
- साउदी अरबमा हाजीहरूको प्राथमिक उपचारको लागि औषधिको बजेटमा वृद्धि ।
- साउदी अरबमा गम्भीर प्रकृतिको आकस्मिक बिरामी हाजीहरूलाई अस्पताल पुऱ्याउन यातायात खर्च बजेट ।
- भैपरि आउने शीर्षक बजेट ।
- साउदी अरबमा हज अवधिभरको लागि गाडी थान १ र एम्बुलेन्स थान १ को लागि भाडामा लिनको लागि बजेट ।

**बोधार्थः**

नेपाल हज समितिको सचिवालय

शमसेर मियाँ
अध्यक्ष

फोन नं. ०१-४२२३८८५, इमेलः nepalhaj@gmail.com